
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epratekdaily.com

बोखार लगलापर, खोकी अइलापर, आ साँस लइवेमे दिकत भैलापर जल्दिही नजदिकके स्वास्थ्य केन्द्रमे सम्पर्क करेम ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ जेठ ०६ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 20 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६१

## वीरगंज महानगरमा भीड बढ्दै

# कोरोनाको सङ्क्रमण बढ्ने खतरा

नितेश कर्ण, वीरगंज, ५ जेठ/

वीरगंज बजारमा निषेधाज्ञा अवधिमा केही दिनदेखि भीड बढ्न थालेको छ। हो।

खासगरी बैंकिङ सेवा सञ्चालन भएपछि महानगरमा भीड शुरू भएको



वीरगंज मुख्य सडकमा लामबद्ध मोटरसाइकलहरू । तस्वीरः प्रतीक

जिल्ला प्रशासन कार्यालय, पर्साले निषेधाज्ञा अवधिमा अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन आग्रह गर्दै आएको र यो अवधिमा बिहान ८ बजेसम्म खाद्यान्नका लागि समय निर्धारण गरेको छ भने तरकारी तथा फलफूल ठेलागाडामा राखेर टोलटोलमा बिक्रीको इजाजत दिएको छ। तोकिएको समयपछि पनि वीरगंजमा केही दिनदेखि भीड बढेको हो। बैंकिङ सेवा लिन मानिसहरू सवारी साधन प्रयोग गर्न थालेका छन्। लामो अवधिसम्म निषेधाज्ञा जारी भएकोले अहिले केही स्थानमा रिक्सा, अटो, इरिक्सा पनि प्रयोग भइरहेको छ।

दैनिक मजदूरी गरेर जीवनयापन गर्नुपरेकोले कोरोनाभन्दा भोकले प्राण जाला भनेर रोजगार शुरू गरेको उनीहरूको भनाइ छ।

## १९ वटा भारतीय मोटरसाइकल भन्सार चलान

प्रस, वीरगंज, ५ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले निषेधाज्ञा उल्लङ्घन गरी कागजपत्रसमेत नभएका १९ वटा भारतीय नं को मोटरसाइकल नियन्त्रणमा लिएर वीरगंज भन्सार कार्यालय चलान गरेको छ।



नियन्त्रणमा लिइएका भारतीय मोटरसाइकलहरू । तस्वीरः प्रतीक

जिप्रका पर्साले वैशाख १६ गतेदेखि निषेधाज्ञा जारी भएको र यो अवधिमा भारतीय मोटरसाइकलविरुद्ध अभियान चलाउँदा निषेधाज्ञा उल्लङ्घन गरी विनाइजाजत सञ्चालनमा आएका र कागजपत्रसमेत नभएका १९ वटा मोटरसाइकल नियन्त्रणमा लिएको जनाएको छ। नियन्त्रणमा लिएको सबै मोटरसाइकल आवश्यक कारबाईका लागि भन्सार चलान गरिएको छ।

भारतीय सवारीसाधनहरू भन्सार कार्यालयबाट सामान्य अवस्थामा इन्ट्री गराई महानगरसम्म एक दिनका लागि प्रवेश गर्न पाउने र सोही दिन भारत फिर्ता हुनुपर्ने प्रावधान छ।

महानगरबाहेक अन्यत्रका लागि दैनिक तोकिएको भन्सार शुल्क तिरेर प्रवेश गर्न पाउने व्यवस्था छ। निषेधाज्ञामा भन्सार कार्यालयबाट मालवाहक सवारीसाधनबाहेक अन्य प्रवेश नगरेको, तर वीरगंजमा भारतीय सवारीसाधनहरू निर्बाध सञ्चालनमा रहेपछि प्रहरीले अभियान चलाउँदा १९ वटा मोटरसाइकल नियन्त्रणमा लिन सफल भएको प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले बताए।

## भारतबाट आउन थाल्यो अक्सिजन बुलेट

राधेश्याम पटेल, परवानीपुर, ५ जेठ/

नेपालमा कोरोना महामारीको दोस्रो लहरमा सङ्क्रमित बढेपछि नेपालमा अक्सिजन सिलिन्डरको अभाव सृजना भएको छ।



यसै क्रममा नेपालका व्यवसायीले भारतबाट अक्सिजन बुलेट आयात शुरू गरेका छन्।

काठमाडौंको शङ्कर ग्यास उद्योग प्रालिले भारतको झारखण्ड प्रान्तको जम्सेदपुरबाट अक्सिजन बुलेट आयात गरिरहेको छ। वीरगंज नाकाबाट एक साताअघिदेखि र भैरहवा र नेपालगंज नाकाबाट पनि अक्सिजन बुलेटको आयात शुरू भएको भन्सार अधिकारीहरूले बताएका छन्।

वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार रक्सौल–वीरगंज नाका भएर हालसम्म एउटा सानो र चारवटा ठूला बुलेट भित्रेको छ।

सानोमा ६ हजार घनमिटर र ठूलोमा साढे १० देखि साढे ११ हजार घनमिटर अक्सिजन लोड हुन्छ। सानो बुलेटले ४० लिटरको ५ सयभन्दा बढी सिलिन्डर भर्न सकिन्छ भने ठूलो बुलेटबाट ४० लिटरको १५ सय सिलिन्डर भर्न सकिने व्यवसायीहरूलाई उद्धृत गर्दै उनले बताए। प्रतिघनमिटर भारु १६ रुपैयाँको दरले अक्सिजन खरीद गरी भित्रिरहेको उनले बताए।

सरकारले हाल नेपालको अवस्थालाई मध्यनजर गर्दै अक्सिजन बुलेट आयातमा शून्य राजस्व नीति लिएको छ। एउटा बुलेट भित्रिंदा प्रवेश शुल्कबापत ५६५ रुपैयाँ मात्र लाग्छ।

पहिले वीरगंजस्थित आइसिपी नाका भएर दुईवटा अक्सिजन बुलेट नेपाल भित्रेको थियो भने त्यहाँ अरू गाडीको लाइन लाग्ने भएकाले ढिलो नहोस् भनी वीरगंज र रक्सौल भन्सारका अधिकारीहरूले सहमति गरेर वीरगंजको पुरानो भन्सार शङ्कराचार्यद्वारबाट अक्सिजन बुलेटलाई विनाझन्झट आउने बित्तिकै काठमाडौं पठाउने गरेका छन्। एउटा बुलेट जम्सेदपुरबाट काठमाडौं आएर फर्किन करीब ५ दिन लाग्ने बताइएको छ।

## बुधवार वीरगंजमा १०६ जना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, ५ जेठ/

नारायणी अस्पताल वीरगंजले बुधवार बिहान १०६ जना सङ्क्रमित पुष्टि गरेको छ।

अस्पतालका कोभिड संयोजक डा. सरोजरोशन दासले २८८ जनाको स्वाब नमूना मङ्गलवार सङ्कलन गरिएको र सोको पिसिआर परीक्षण रिपोर्ट आज बिहान जारी भएकोमा १०६ जना सङ्क्रमित पुष्टि भएको बताए।

सङ्क्रमित हुनेमा पर्साका ७७ जना, बाराका १५ जना, सर्लाहीका ८ जना र रौतहटका ६ जना छन्। उनीहरूमध्ये २५ जना महिला र ८१ जना पुरुष रहेको र उनीहरूको सिटी भैल्यु १५ देखि ३५ सम्म भएको डा. दासले बताए।

## पर्सामा निषेधाज्ञा फेरि एक साता बढ्यो

प्रस, वीरगंज, ५ जेठ/

पर्सा जिल्लामा निषेधाज्ञा पुनः एक साता लम्बिएको छ। बुधवार बसेको कोभिड सङ्कट व्यवस्थापन केन्द्र पर्साको बैठकले निषेधाज्ञा जेठ १३ गते राति १२ बजेसम्म एक साता लम्ब्याउन प्रमुख जिल्ला अधिकारीलाई सिफारिश गरेको थियो।




सोहीबमोजिम एक साताको लागि निषेधाज्ञा अवधि बढाइएको हो।

कोभिड सङ्कट व्यवस्थापन केन्द्र पर्साका अध्यक्ष प्रजिअ पीताम्बर घिमिरेको अध्यक्षतामा बसेको बैठकले निषेधाज्ञा एक साता लम्ब्याउने निर्णय गर्नुका साथै विभिन्न निर्णय गरेको छ।

केन्द्रको बैठकले पर्सा जिल्लामा एन्टिजेन किट अभाव भएकामा प्रदेश सरकारसँग माग गर्ने, वीरगंजका अस्पतालहरूमा अक्सिजनको अभाव हुन नदिनका लागि व्यवस्था मिलाउने र निजी अस्पतालहरूमा उपचार गराउँदै आएका सङ्क्रमितहरूको हकमा अस्पतालले प्रदान गर्ने सेवा र लिने शुल्कबारेमा अनुगमन टोलीबाट अनुगमन गर्ने निर्णय गरेको छ।

## बालक हत्या प्रकरण : एकजना पक्राउ

प्रस, वीरगंज, ५ जेठ/

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक गौतम मिश्रले हिजो भएको दुईजना बालकको हत्या प्रकरणको अनुसन्धानको लागि हिजै हेटौंडाबाट तालीमप्राप्त कुकुर ल्याएर घटनास्थलमा अनुसन्धान भइरहेको बताएका छन्।

अनुसन्धानको क्रममा प्रनाउ मिश्रले सो हत्या प्रकरणमा एकजना २७ वर्षीय शङ्कास्पद व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको बताएका छन्।

कलैया–७ रङ्गपुर निवासी अब्दुल अन्सारीका ७ र ९ वर्षीय गरी दुईजना छोरा हिजो मृत अवस्थामा फेला परेका थिए।

बुबा वैदेशिक रोजगारमा रहेको र आमा फुपूको घरमा बिहे परेकोले उतै गएकी थिइन्।

घरमा दुई दाजुभाइ र एक दिदी गरी तीनजना केही दिनदेखि बस्दै आएका थिए। दुवै दाजुभाइको धारिलो हतियार प्रयोग गरी घाँटी रेटेर हत्या गरिएको थियो।

## निषेधाज्ञा लम्बिंदै, तरकारीखेती गर्ने किसान चिन्तित

धर्मेन्द्र चौरसिया, पोखरिया, ५ जेठ/

हरियो तरकारी गरेका पर्साका किसानहरू निषेधाज्ञाको मार खेपिरहेका छन्। हरियो तरकारी खेतबाट बजारसम्म पुऱ्याउन समस्या भएको र निषेधाज्ञाले तरकारीको मोल पनि खस्केको किसानहरूको गुनासो छ।

अहिले लौका, घिरौला, झिंगनी, भन्टा, गोलभेडा, खुर्सानी, बोडी, करैला, भिन्डीलगायत खेतमा लटरम्म छ। तर बजारसम्म जाने अवस्था नभएको र व्यापारीहरू पनि खेतमा खरीद गर्न नआउने, आएकाले मोल निकै घटाउने गरेकोले यस वर्ष हरियो तरकारी गर्ने किसानहरू घाटा पर्ने चिन्तामा छन्।

वैशाख १६ गतेदेखि जारी निषेधाज्ञा पर्सामा जेठ ६ गतेसम्म जारी रहने भनिएको छ।

पहिलोपटक जारी गरिएको निषेधाज्ञा एक साताको लागि वैशाख २२ गतेसम्म थियो, त्यसपछि दुईपटक निषेधाज्ञा बढाइएकोले पुनः निषेधाज्ञा बढ्ने कुराले किसान दिक्क छन्। कोरोना सङ्क्रमण दर नघटेको उल्टो बढी रहेकोले निषेधाज्ञा लम्बिने र थप आर्थिक मारमा पर्ने चिन्ताले किसानहरू बिचल्लीमा परेका छन्।



बहुदरमाई नपाका तरकारी किसान हरिन्द्र साह । तस्वीरः प्रतीक

बहुदरमाई नगरपालिका गम्हरिया टोलका हरीन्द्र साहले डेढ बिघा जग्गामा तरकारी खेती गरेका छन्। उनले हरियो तरकारी खेती गरेर वर्षमा दश लाख आम्दानी गर्दै आएका छन्। तर गत वर्ष कोरोनाको कारण लकडाउन भएर हरियो तरकारी सस्तो भएपछि आशाप्रद नाफा गर्न नसकेका उनी यसपटक पनि कोरोनाको कारण निषेधाज्ञा लम्बिंदै गरेकोले चिन्तित बनेका छन्।

उनले विशेषगरी लौका लगाएका छन् भने बोडी, करैला पनि रोपेका छन्। तर निषेधाज्ञामा लौकाको मूल्य प्रतिगोटा रु १५ भएको छ। सामान्य अवस्थामा लौकाले दोब्बर मूल्य पाउने उनी बताउँछन्। पर्सा जिल्लामा बहुदरमाई नगरपालिकामा हरियो तरकारी खेती बढी हुन्छ। यहाँ करीब आधाभन्दा बढी किसानले कम्तिमा पाँच कठ्ठा भएपनि हरियो तरकारी लगाएका छन्। अहिले किसानलाई हरियो तरकारी खेतमा सुक्ने र पानीले सड्ने पीडा छ।

बहुदरमाईका साथै पर्सा जिल्लाको वीरगंज महानगरपालिकाका केही वडा, पोखरिया नगरपालिका, कालिकामाई गाउँपालिकामा हरियो तरकारी खेती गरिन्छ। बहुदरमाई नपाका किसानहरूको मुख्य बजार वीरगंज, जीतपुर, परवानीपुर र हेटौंडा हो। यहाँका व्यापारीहरूले तरकारी खरीद गरेर लाने गरेको किसान हरीन्द्र साह बताउँछन्। यसपटक निषेधाज्ञाको कारण व्यापारीहरूको आगमन पातलिएको र उत्पादन खेतमैं सुक्न थालेको उनले बताए।

## विचारसार एवं सूक्तिहरू

**थोरै पनि तिरस्कारबाट रिसाउनुले हाम्रो अहङ्कार प्रकट गर्दछ वा हाम्रो बुद्धिको ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# नियतिको भरमा बाँच्ने विवशता

**यद्यपि कोरोना शुरू भएको आज वर्ष दिन नाघिसकेको छ। यसबीच पहिलो चरणको सङ्क्रमणकालपछिको समयलाई पोस्ट–कोभिड पनि भन्न थालियो । तर वर्ष दिन नबित्दै कोरोना दोहोरियो, फरक भेरिएन्ट पनि देखियो र धमाधम मानिस महामारी र कालले सोत्तर हुन थाले । सरकारले यद्यपि निषेधाज्ञा नै जारी गऱ्यो तर पोस्ट–कोभिड भनिएको अवधिको कुनै उपयोग गर्न सकेन। विश्वभरिका स्वास्थ्यविज्ञ तथा रोग विशेषज्ञहरूले कोरोनाको दोस्रो लहर पनि आउँछ भन्ने आकलन गरिसकेका थिए। त्यो आयो र सरकार पुनः पहिलेजस्तै लाचारमात्र बनेन, सरकारमा बस्ने अधिकार पाएका सांसदहरू कुर्सीमा चढ्ने र कुर्सीबाट झार्ने खेलमा तल्लीन रहे। कोरोनाविरुद्ध भारतले पहिलो किस्तमा १० लाख खोप दियो, जुन अति संवेदनशील वर्गलाई पहिलो चरणमा लगाइयो। पहिलो प्राथमिकतामा परेको वर्गमध्ये केहीलाई दोस्रो चरणको पनि खोप लगाइयो तर दोस्रो प्राथमिकताका व्यक्तिबारे अहिलेसम्म अन्योल छ। यद्यपि दोस्रो खोप लिन ढिलो भइसकेको छ । यसबीच चीनले केही खोप अनुदान दिएको छ, जुन राजधानीवासीका लागि पर्याप्त हुन्छ। अर्थात् नेपालसँग खोप मौज्दात छैन ।**

**खोप मात्र किन, कोरोनाविरुद्ध लड्ने धेरै सामलको नेपालमा अभाव भएको छ । अभाव हुनुमा दुईवटा प्रमुख कारण देखिएको छ । पहिलो नेपाल कोभ्याक्स कार्यक्रमको प्रतीक्षामा छ, वा कसैले अनुदान देओस् भन्ने चाहन्छ। दोस्रो आर्थिकरूपले सबल राष्ट्रहरूले चाहिनेभन्दा बढी खोप जगेडा राखेका छन् । यी राष्ट्रले आफ्नो नागरिकलाई खोप दिइसकेपछि मात्र उब्रेको खोप बेच्ने वा अनुदान दिने कुरा आउँछ। त्यसो त बजारबाट खोप खरीद गर्न नसकिने होइन। तर सरकार त्यसका लागि तयार छैन, किन ? यो प्रश्न नेपालमा घामजत्तिकै प्रत्यक्ष छ। कहाँ के कुरा मिल्न सकेको छैन, मिलेपछि अनुदानको खोप पनि नलिएर, किनेको खोप दिन सरकारलाई आपत्ति हुनेछैन । यो नियतको कुरा हो । ठूलो समस्या त के देखिएको छ भने, नेपालमा कोरोनाविरुद्ध लड्ने प्राथमिक संसाधनहरूको पनि चरम अभाव देखिन थालेको छ। अक्सिजन, अस्पतालमा बेडको अभाव त देखिएकै कुरा हो, परीक्षण गर्ने केमिकल र कीटहरूको पनि अभाव देखिनु लज्जास्पद हो। तर कसका लागि ? यस अवस्थामा लज्जा त सरकारलाई लाग्नुपर्ने हो, तर नेपाली जनता लज्जित भएको छ। आफ्नै मुलुक र आफैंले रोजेको सरकारको नियतबाट।**

**अहिले सरकारको हनिमून मास चल्दैछ । सामान्यतः हनिमून मास तीन महीनाको हुन्छ। अलिकति पनि लाज बाँकी छ भने सरकारले हनिमून अवधि घटाएर नागरिकको समस्यामा ध्यान दिने आस गर्न सकिन्थ्यो । तर सरकार त व्यापारिक प्रयोजनका लागि आएको अक्सिजन सिलिन्डरलाई चीन सरकारबाट अनुदान प्राप्त भनेर घिनलाग्दो झूट बोलिरहेको छ । बजारमा अहिले कोरोनाबाट बचाउका लागि कुनै पनि औषधिको सर्वथा अभाव छ । अभाव वास्तविक हो कि होइन, थाहा भएन। किनकि कालोबजारीमा, त्यो पनि पहुँच भएकाले मात्र त्यस्तो औषधि पाइरहेका छन्। अहिले सरकारले सङ्क्रमणमुक्त भनेर जुन तथ्याङ्क दिइरहेको छ, त्यो सरकारको तत्परताले होइन, अपितु व्यक्तिको नियतिले गर्दा भएको हो। किनकि अहिले नियतिकै ठूलो भर छ। नियति बलियो भएर कोही बाँच्छ भने ठीक, अन्यथा मर्नु त अन्तिम सत्य हुँदै हो। यसरी सरकारको नियत र आफ्नो नियतिबीच नेपाली जनता बाँच्न विवश बनेको छ ।**

# गरीबहरूको दिन कसरी कटिरहेको होला ?

स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**अहिले विपन्न समुदायको अवस्था जटिल भइसकेको हुनुपर्छ। झन्डै तीन हप्तादेखि अति निम्नवर्गीय परिवारमा आर्थिक गतिविधि ठप्प छ। यस्ता विपन्न समुदायलाई, परिवारको भरथेग हुनेगरी कार्यक्रम ल्याइनु आवश्यक छ।**

कोरोनाको दोस्रो लहरले समाजलाई प्रभावित पारेको छ। समाजको सबै पेशा र वर्गका मानिस अहिले प्रभावित छन्। कोरोनाको कहरले धेरै उद्योग तथा व्यवसाय बन्द छन्। कर्मचारीहरूलाई त तलब आइरहेको हुनुपर्छ। कर्मचारीहरूलाई तलबले जसोतसो पुग्ने अवस्था देखिन्छ तर अन्य क्षेत्रलाई भने कस्तो असर परेको होला ? गत वर्ष कोरोनाको समयमा लकडाउनको घोषणा गरिएको थियो, सम्भवतः कोरोनाको कारणले यस वर्ष कम असर परोस् भनेर नै लकडाउन घोषणा नगरिएको होला र कतिपय क्षेत्रलाई आंशिक छुट दिइएको होला। यस वर्ष निषेधाज्ञा धेरै जिल्लामा घोषणा गरिएको छ र निषेधाज्ञा पनि प्रभावकारी नै देखिएको छ, धेरै हदसम्म। हुन सक्छ कोरोनाको डर यस वर्ष अलिक बढी आएको होला वा कोरोनाको कारण सर्वसाधारणमा सचेतना केही बढी भएको होला तर गत वर्षको तुलनामा यस वर्ष सडकमा भीडभाड कम देखिएको छ। यद्यपि सन्तोष मान्नुपर्ने अवस्था किन छैन भने लापरवाही गर्नेहरू अहिले पनि धेरै छन्।

सम्भवतः लापरवाहीकै परिणाम हुनुपर्छ, सङ्क्रमण अझै खासै कम भइरहेको छैन। सङ्क्रमण कम नहुनुको कारणले यो सङ्क्रमणकालको अन्त्य कहिले हुने भन्ने कुरा पनि अनिश्चित बन्दै गएको छ। कपियलाई यसैमा नाफा कमाउनु छ भने कतिपयले यसलाई अवसर ठानेका छन् । यस विषम परिस्थितिमा विपन्न समुदायबारे सोचविचार गर्ने खासै कोही वा कुनै पक्ष देखिएको छैन। यो किन भन्नुपरिरहेको छ भने गत वर्ष लकडाउन शुरू भएको केही समयपछि झन्डै सबै स्थानीय तहमा विपन्नलाई खाद्यान्न बाँड्ने तथा मास्क र सेनेटाइजर अनि साबुन वितरण गर्ने एक किसिमको होड नै चलेको थियो। यसको फाइदा अरूले पनि नलिएका होइनन्, तर यो पहिलो अवसर थियो कि नितान्त विपन्न वर्गको घरमा स्थानीय सरकारका प्रतिनिधिले खाद्यान्न र अन्य सामग्री प्रदान गरेका थिए । सरकार हाम्रो हो भन्ने अनुभूति विपन्नलाई प्रत्यक्षरूपमा भएको सम्भवतः पहिलोपटक थियो तर यसपटक भने त्यस्ता विपन्न समुदायलाई कतैबाट कुनै किसिमको सहयोग भएको खबर आउन सकेको छैन। कतैकतै निश्शुल्क भोजनको कुरा भने ज्यादै सीमित क्षेत्रमा गरिएको सुनिएको छ।

अहिले जब सबै क्षेत्र वा अधिकांश क्षेत्र ठप्पप्रायः छ, गरीबहरू के गरिरहेका होलान् ? तिनको जीवन कसरी चलेको होला ? यस विषयमा समाजको अन्य वर्गलाई खासै चिन्ता लागेको देखिएको छैन। निषेधाज्ञा वा लकडाउन गरिनुहुन्न किनभने गरिखानेलाई समस्या हुन्छ भनेर आवाज उठाउनेहरूले पनि अहिले खासै केही बोलेको पाइएको छैन र अहिले सामाजिक सञ्जाल तथा औपचारिक मिडियाहरूमा पनि यस्ता विपन्न नागरिकहरूबारे खासै समाचारहरू आइरहेका छैनन्।

ग्रामीण क्षेत्रमा त जतिसुकै लकडाउन गरे पनि, जो पहिलेदेखि नै गाउँमा बस्दै आएका छन्, तिनीहरूको दैनिकीमा उतिसारो प्रभाव पर्दैन, किनभने गाउँघरमा अधिकांश विपन्न मानिसको घरमा कुनै न कुनै पशु हुन्छ। कम्तीमा दुई चारवटा बाख्रा नै भए पनि हुन्छ। आफ्नै बारी हुन्छ, नभए बटैया खेत लिएका हुन्छन् र त्यही पशुको स्याहार तथा बारीमा सानातिना काम गरेर समय बिताउँछन् र आवश्यक परे कसैको खेतबारी वा घरमा अन्य काम गर्न पनि भ्याउँछन्। गाउँघरमा अहिलेसम्म कस्तो चलन छ भने वैशाखदेखि जेठसम्म फुस तथा खपडाको घरको छानो मरम्मत गर्छन्। खपडा फेर्ने तथा फुसको घरमा नयाँ पराल वा काँस हाल्ने गर्छन्। यसरी जो ग्रामीण गरीब सधैं गाउँमैं बसेर जीवनयापन गर्छ, उसलाई अलिकति मर्का परे पनि उतिसारो पर्न नसक्ने देखिएको छ । तर यदि गाउँमा शहरबाट घर फर्केका मजदूरहरूको सङ्ख्या बढी छ भने त्यस्ताको जीवनमा थोरबहुत प्रभाव परेको हुन्छ।

शहरी मजदूरको जीवन भने ग्रामीण दैनिक ज्यालादारी गर्ने मजदूरभन्दा धेरै भिन्न हुन्छ। यति सार्वजनिक यातायात सञ्चालन भएन भने सार्वजनिक यातायातमा सामान लोड गर्ने तथा झार्ने मजदूरहरूले ज्याला गर्ने माध्यम नै गुमाउँछन्। हरेक ठूला बजारमा यस्ता मजदूरहरूको सङ्ख्या सयौंमा हुन्छ। यसै गरी सार्वजनिक यातायातमा खलासीको काम गर्ने अति विपन्न समुदायका नवयुवक हुन्छन्। यी नवयुवक तथा ढुवानी मजदूरको दैनिकी सार्वजनिक यातायातसित जोडिएको हुन्छ। यिनको आजीविका हरेक दिन हुने आयमा निर्भर हुन्छ। यसैगरी शहरमा ठेला चलाउनेहरू हुन्छन् जसलाई यस प्रकारको लामो बन्दीले निकै प्रभावित पारेको हुनुपर्छ। उद्योगमा काम गर्ने दैनिक ज्यालादारीका मजदूरहरू पनि शहर र आसपासको क्षेत्रमा हुने गर्दछन् । उद्योग राम्ररी चल्दासम्म जीवन पनि राम्ररी चल्ने तर उद्योग बन्द भएको दिनको तलब नपाउने वा उद्योगमा अनुपस्थित भएको दिनको तलब नपाउने दैनिक ज्यालादारीका मजदूरहरूलाई पनि यस्तो समयले कति कठिनाईमा पारेको होला ? शहर र आसपासमा उद्योग चल्दासम्म अत्यन्तै सानातिना काम वा सेवा गरेर आजीविका चलाउनेहरू हुन्छन् । पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदूर तथा कर्मचारीको सङ्ख्या निकै ठूलो हुन्छ। केही प्रतिष्ठान तथा सङ्घसंस्थामा दैनिक ज्यालादारीमा काम गर्नेहरू हुन्छन्। यी य र यस प्रकारका साँच्चै विपन्न समुदाय यस महामारीको समयमा कसरी बाँचिरहेका छन् ?

नितान्त दैनिक ज्यालादारीमा काम गरेर गुजारा चलाउने अति विपन्न तथा मजदूरहरू, जसको दैनिक ज्यालादारीको काम नै रोकिएको छ, यस्तो वर्गको सङ्ख्या कति होला ? जहाँ यस प्रकारका मजदूरहरूको सङ्ख्या तुलनात्मकरूपमा बढी थियो, तिनीहरूको हालत अहिले कस्तो होला ? यस विषयमा कसले सोधीखोजी गर्ने ? यस वर्गप्रति कसैको त ध्यान पुग्नुपर्छ। अहिले मिडियाकर्मी पनि अत्यन्त जोखिममा रहेर काम गरिरहेका छन्। आफूलाई पनि जोगाउनु छ। यस अवस्थामा सम्भव हुने सामाजिक सञ्जाल प्रयोगकर्ताले यस विषयसँग सम्बन्धित कतिपय सन्दर्भमा सामाजिक सञ्जालमार्फत गाउँटोलको अवस्था सार्वजनिक गर्न सक्छन् तथा नजीक रहेका वा चिनिएका सञ्चारकर्मीसम्म यस्ता कथा–व्यथा पुऱ्याइदिनु आवश्यक छ। यस कार्यमा सामाजिक सङ्घसंस्थाहरूले पनि भूमिका खेल्न सक्छन्। समाजका बुद्धिजीवीहरूले पनि अति विपन्न समुदायका समस्याबारे वास्तविक तथ्यलाई बाहिर ल्याउन सक्छन्। यसले गर्दा मिडियाको ध्यान तानिन्छ र मिडियाले स्थानीय, प्रदेश तथा केन्द्र सरकारको ध्यानाकृष्ट गर्न भूमिका निर्वाह गर्न सक्छ। अति विपन्न वर्गले पनि समाजमा यस प्रकारको कठिन परिस्थितिमा बाँच्न पाउनुपर्दछ।

समुदायमा कतिपय यस्ता पनि परिवार छन्, जो एक छाक खान पाए पनि अरूकहाँ माग्न जाँदैनन् । फेरि कतिपय विपन्न यस्ता पनि हुन्छन् जो ऋणमाथि ऋण थपेर बाँच्न विवश हुन्छन्। घर परिवार सबैको हुन्छ। घर परिवारमा एकातिर मीठोमसिनो खानुपर्ने हुन्छ भने अर्कोतिर स्वास्थ्य तथा अन्य सानातिना समस्या आइरहन्छन्। साथै चाडपर्व पनि मान्नु वा मनाउनुपर्ने हुन्छ। यस कठिन परिस्थितिमा यस प्रकारका मजदूरहरूको जनजीवनमा परेको असरबारे विस्तारै अध्ययन हुँदै गर्छ। गत वर्ष पनि कोरोना कहरले जनजीवनमा परेको आर्थिक तथा मनोवैज्ञानिक प्रभावको विषयमा अध्ययन नगरिएको होइन। यस वर्ष पनि यस किसिमको अध्ययन होला तथा हुनुपर्छ पनि, तर गरीबलाई कम्तीमा बाँच्न पाउनुपर्ने र यस्तो ऋण नै नथोपरियोस् जसबाट उसलाई निस्कनै समस्या परोस् भन्ने वातावरण बन्न नदिनु पनि समाजको दायित्व हो । वास्तवमा अहिले जति शक्तिशाली स्थानीय सरकार छ, यसले चाहेमा यस्ता समस्या आउनै सक्दैन तर अधिकांश स्थानीय सरकारको मुख्य ध्यान कोरोनालाई लिएर स्वास्थ्य समस्यातिर केन्द्रित भएको छ। यसको आर्थिक प्रभावतिर कमै ध्यान गएको छ। अझ विपन्न समुदायमा परेको वा परिरहेको प्रभावतिर ध्यान गएकै छैन। विपन्न समुदायमा अझ समस्या नआओस् भनेर स्थानीय सरकारले पनि पाइला चाल्नु जरूरी छ।

कोरोनाको दोस्रो लहरमा कतिपय स्थानीय सरकारले स्वास्थ्य क्षेत्रमा उदाहरणीय काम गरेका छन् तर विपन्न समुदायको लागि खासै कतैबाट कुनै राहत कार्यक्रम ल्याएको सुनिएको छैन। यस्ता परिवारको खोजी गरी र त्यसमा विनाआग्रह–पूर्वाग्रह; भोकै बस्नुपर्ने, ऋण लिएर गरीबीको खाल्डो अझ ठूलो बनाउनुपर्ने तथा एक छाक खाएर परिवारको स्वास्थ्यलाई झन् कमजोर बनाउनुपर्ने अवस्थामा पुगेका परिवारलाई, के कसरी हुन्छ सहयोग गर्नु आवश्यक छ। अहिले विपन्न समुदायको अवस्था जटिल भइसकेको हुनुपर्छ। झन्डै तीन हप्तादेखि अति निम्नवर्गीय परिवारमा आर्थिक गतिविधि ठप्प छ। यस्ता विपन्न समुदायलाई, परिवारको भरथेग हुनेगरी कार्यक्रम ल्याइनु आवश्यक छ।

# होशियार वीरगंजमा भेटिन थाले नयाँ बिरामी

कोभिड–१९ को बढ्दो सङ्क्रमण र यस महामारीमा देखिएका नयाँ समस्याहरूमध्ये एकापट्टिको मुख सुन्निने, आँखा सुन्निने, नाकबाट रगत आउने, आँखा वरिपरिको भागमा कालो डाम बस्नेजस्तो समस्या केही बिरामीमा देखिन थालेको छ।

वास्तवमा यसलाई म्युकोर्मिकोसिस (mucermycosis) भनिन्छ। यो एउटा कालो ढुसी (Black fungus) को सङ्क्रमणले गर्दा देखिने रोग हो। विशेष गरेर डाइबिटिज (मधुमेह) रोगी र कोभिड– १९ को सङ्क्रमणको उपचारको क्रममा steroids समूहको औषधी प्रयोग पश्चात् रगतमा चिनीको मात्रा बढ्ने समूहमा बढी देखा पर्छ । विज्ञहरूका अनुसार कालो fungal सङ्क्रमण हावामा अवस्थित म्युकोर्मिसेट्स भनिने मोल्डहरूको समूहले गर्दा हुन्छ र बिरामीले सास फेर्दा जुन साइनसको प्वाल, फोक्सो र छातीका प्वालहरूमा फैलन्छ।

यद्यपि केही विज्ञहरू विश्वास गर्छन् कि स्टेरोइडमा उच्च निर्भरता (COVID



ब्लैक फङ्गसबाट पीडित। फोटो : प्रतीक

केस हरूमा inflammation उपचारको लागि प्रयोग गरिएको), पूर्व–अवस्थित कमोरबीडिटीज, जस्तै मधुमेहले COVID बाट पीडित व्यक्तिलाई म्युकोर्मोकोसिसको प्रयोगले बढी जोखिममा पार्न सक्छ। छिमेकी राष्ट्र भारतमा यस्तो समस्या धेरै देखा परेको पाइन्छ भने वीरगंजमा पनि अहिलेसम्म चारजना यस्ता बिरामी भेटिएका छन्।

दोस्रो चरणको कोभिड–१९ सङ्क्रमणमा यो समस्या बढी देखिएको वैज्ञानिक मान्यता छ। यो भाइरस र फङ्ल इन्फेक्सनको सम्बन्धलाई निकै कौतुहलताका साथ वैज्ञानिकहरू अध्ययन गर्दैछन्।

यस Fungal सङ्क्रमणबाट पीडित बिरामीहरूमा सामान्यतः नाक भरिएको र नाक बग्ने लक्षण हुन्छ, आँखा सुन्निने र दुख्ने, परेला लत्रिने, धमिलो देखिने र अन्तमा दृष्टि गुमाउने हुन्छ। नाक वरिपरि छालामा कालो प्याच ( Black patches) हुन सक्छ। धेरै बिरामी ढिलो आइपुग्छन् । त्यति बेलासम्म उनीहरूले दृष्टि गुमाइसकेका हुन्छन् । धेरै नै कडा सङ्क्रमण भएमा मस्तिष्कमा सङ्क्रमण नफैलियोस् भन्ने उद्देश्यले डाक्टरहरूले शल्यक्रिया गरेर आँखा हटाउनुपर्छ । यसो गर्नुको कारण हो सङ्क्रमण मस्तिष्कसम्म नपुगोस्।



डा. नीरजकुमार सिंह

वरिष्ठ फिजिशियन, नारायणी अस्पताल, वीरगंज, पर्सा

यस रोगको उपचारमा प्रयोग गरिने औषधी inj. Liposomal Amphotericin B पनि सजिलै उपलब्ध नभएकोले यो ठूलो चुनौतीको रूपमा निकट भविष्यमा हामीले सामना गर्नुपर्ने देख्छु। सम्बन्धित सरोकारवालाहरूको ध्यान समयमैं पुगोस्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार




इन्डोनेसियाका महिलाहरू इजरायलले प्यालेस्टाइनको गाजापट्टिमा आक्रमण गरिरहेको कार्यको विरोध गर्दै । तस्वीरः एपी

## भारतमा कोभिड–१९ बाट एकै दिनमा चार हजार ५२९ जनाको मृत्यु

नयाँ दिल्ली, ५ जेठ /सिन्ह्वा

कोरोना भाइरस महामारीको दोस्रो लहरबाट ठूलो क्षति बेहोरिरहेको भारतमा विगत २४ घण्टामा थप चार हजार ५२९ जनाको मृत्यु भएको यहाँको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

मङ्गलवार त्यहाँ २ लाख ६७ हजार ३३४ जना सङ्क्रमित थपिएका छन् । गएको केही दिनयता भारतमा कोरोना सङ्क्रमितको सङ्ख्यामा केही कमी आएको भए पनि सोमवारको तुलनामा मङ्गलवार केही बढी सङ्क्रमित भएका छन् ।

भारतमा सोमवार कोरोना सङ्क्रमितको सङ्ख्या २ लाख ६३ हजार मात्र थियो भने मङ्गलवार पुनः २ लाख ६७ हजार ३३४ जना सङ्क्रमित भएका छन् । गत सोमवार कोरोना सङ्क्रमितको यो सङ्ख्या गत अप्रिल २१ तारिखपछिको सबैभन्दा कम भएको भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलवार जनाएको थियो ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा दुई लाख ६७ हजार ३३४ जना नयाँ सङ्क्रमित भेटिएका हुन् । अप्रिल महीनाको तुलनामा हरेक दिन सङ्क्रमितहरूको सङ्ख्या घट्दै गएको देखिएको हो । अघिल्लो महीना दैनिक कम्तीमा पनि ४ लाख मानिसमा सङ्क्रमण देखिने गरेको थियो ।

मन्त्रालयले बुधवार सार्वजनिक गरेको यो तथ्याङ्कसँगै भारतमा कोरोना भाइरसको सङ्क्रमणबाट अहिलेसम्म २ लाख ८३ हजार २४८ जनाको ज्यान गएको पनि बताइएको छ । मन्त्रालयका अनुसार कोभिड–१९ सङ्क्रमितको कुल सङ्ख्या दुई करोड ५४ लाख ९६ हजार ३३० पुगेको छ ।




भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो । त्यस बेलादेखि हालसम्म १८ करोड ५८ लाख ९ हजार भन्दा बढी खोप लगाइसकिएको छ ।

मङ्गलवार एकै दिन भारतमा १३ लाख १२ हजार १५५ जनालाई कोरोनाविरुद्ध खोप लगाएको सरकारी स्रोतले जानकारी दिएको छ ।

भारतमा सङ्क्रमित व्यक्तिको सङ्ख्या दैनिक तीन लाखभन्दा बढी नै देखिए पनि भारत सरकारले देशव्यापी लकडाउन भने नगर्ने जनाएको छ । तर कतिपय शहरमा लगाइएको छ । रासस

## ब्रजीलमा कोभिड–१९ बाट ४ लाख ३९ हजारभन्दा बढीको मृत्यु

रियो डे जेनेरियो, ५ जेठ/सिन्ह्वा

ब्रजीलमा बुधवार कोभिड–१९ सङ्क्रमणका कारण थप २ हजार ५१३ जनाको मृत्यु भएको छ । योसँगै यहाँ कोरोना भाइरसबाट मृत्यु हुनेको सङ्ख्या ४ लाख ३९,०५० पुगेको छ ।




गत २४ घण्टामा ब्रजीलमा ७५ हजार भन्दा बढी व्यक्तिमा कोरोना भाइरस सङ्क्रमणको पुष्टि भएको छ । ब्रजीलमा कुल सङ्क्रमितको सङ्ख्या १ करोड ५७ लाख ३२ हजार पुगेको यहाँको स्वास्थ्य मन्त्रालयका अधिकारीहरूले जानकारी दिएका छन् । रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | अतिथिआगमन | वृष | भयचिन्ता |
| मिथुन | राज्यलाभ | कर्कट | अतिथिआगमन |
| सिंह | सुयश | कन्या | व्यर्थभ्रमण |
| तुला | धनलाभ | वृश्चिक | सफलता |
| धनु | राज्यलाभ | मकर | रोगभय |
| कुम्भ | व्यापारवृद्धि | मीन | शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## ट्रकको ठक्करबाट एकजना गम्भीर घाइते

प्रस, वीरगंज, ५ जेठ/

वीरगंज महानगरपालिकाको सुक्खा बन्दरगाह चोकमा मालवाहक ट्रकको ठक्करबाट बुधवार दिउँसो एकजना गम्भीर घाइते भएको वडा प्रहरी कार्यालय श्रीपुरले जनाएको छ ।

पर्सागढी नगरपालिका–८ हरपुर निवासी ४५ वर्षीय प्रह्लादप्रसाद यादव घाइते भएको प्रहरीले जनाएको छ । सुक्खा बन्दरगाहबाट सामान लोड गरेर बाहिरिरहेको ना.६ख ३२९१ नम्बरको ट्रकले प्रदेश–२–०३०११ प १३०६ नम्बरको मोटरसाइकललाई आज दिउँसो ३ बजे ठक्कर दिएको थियो । ट्रकको ठक्करबाट मोटरसाइकल पूर्णरूपरूपमा क्षतिग्रस्त भएको छ । ट्रक र चालक प्रहरी नियन्त्रणमा छ भने घाइते यादवको उपचार नारायणी अस्पतालमा भइरहेको छ । घाइतेको अवस्था गम्भीर रहेको बताइएको छ । घाइते यादवकी बुहारी नारायणी अस्पतालमा उपचारार्थ भर्ना रहेकी र उनलाई भेटर घर फर्कने क्रममा ट्रकको ठक्करबाट यादव घाइते भएको प्रहरीले जनाएको छ ।

## दाउन्नेमा बस दुर्घटना : चारजनाको मृत्यु, ४९ घाइते

परासी, ५ जेठ/रासस

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा आज बिहान यात्रुवाहक बस दुर्घटना हुँदा चारजनाको मृत्यु भएको छ । पूर्वपश्चिम राजमार्ग अन्तर्गत बर्दघाट–४ स्थित दाउन्ने जङ्गलको खुर्सानी खोला नजीकै आज बिहान ६ बजे बस दुर्घटना भएको हो ।

बस सडकबाट २०० मिटर तल खसेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । काठमाडौंको माछापोखरीबाट रूकुम पश्चिमका लागि छुटेको ना ५ ख २७१३ नम्बरको बस दुर्घटना भएको ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक वासुदेव नेपालले जानकारी दिए ।

ज्यान गुमाउनेमध्ये रूकुम पश्चिमको त्रिवेणी गाउँपालिका–६ बस्ने २७ वर्षीय कल्पना पुन र सिस्ने गाउँपालिका–४ बस्ने धनराज घर्तीको मात्र सनाखत भएको छ । बसमा अन्दाजी ५८ यात्रु रहेको र तीमध्ये ४९ घाइतेलाई घटनास्थलबाट उद्धार गरी स्थानीय चिसापानी अस्पताल र सञ्जिवनी अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु लामाले जानकारी दिए । बसमा सवार पाँचजना सकुशल छन् ।

## बुहारीको उजूरीमा पति र ससुरा पक्राउ

प्रस, सेढवा, ५ जेठ/

जीराभवानी गाउँपालिका–१ महादेवपट्टी निवासी भिनेसरी साह तेली र उनका छोरा राजुसाह तेलीलाई प्रहरीले महिलामाथि कुटपिट, दुर्व्यवहार गरेको कसूरमा पक्राउ गरेको छ ।

बाबुछोराले कुटपिट गरी कपाल मुण्डन गरेको भनेर राजुकी पत्नी रेखा देवीले इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीमा उजूरी गरेकी थिइन् । घरायसी विवादमा ससुरा र पतिले कुटपिट गर्नुका साथै शिर मुण्डन गरेको रेखादेवीले प्रहरीमा उजूरी गरेकी छन्

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामकाजी थापाले घटना सार्वजनिक भएपछि रेखाका पति र ससुरालाई नियन्त्रणमा लिएको बताए । उनले घटना सम्बन्धमा थप अनुसन्धानका लागि दुवैजनालाई जिल्ला प्रहरी कार्यालय, पर्सा पठाएको जानकारी गराएका छन् ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले घटनाका दोषीलाई पक्राउ गरिएको र अपराध पुष्टि भएकोमा कानून बमोजिम कारबाई हुने बताए ।

## भूकम्पले घर भत्किंदा चार घाइते, एक दर्जन घरमा क्षति

लमजुङ, ५ जेठ/रासस

पहाडी जिल्ला लमजुङ मर्स्याङ्दी गाउँपालिका–३ भुलभुले केन्द्रबिन्दु बनाएर आज बिहान ५.८ रिक्टरको भूकम्पले घर भत्किंदा विभिन्न स्थानका चारजना घाइते भएका छन् । घाइते हुनेमा बेंसीशहर नगरपालिका–६ का ३६ वर्षीय उमा गुरुङ, वडा नं ११ चितीका ८३ वर्षीय खकाकुमारी पाण्डे, वडा नं ८ का २९ वर्षीय खुशीमाया गुरुङ र मर्स्याङ्दी गाउँपलिका–६ ठूलीबेंसीका २२ वर्षीय गोविन्द अधिकारी रहेको जिल्ला प्रहरी कार्यालय लमजुङले जनाएको छ । प्रहरीका अनुसार उनीहरूमध्ये खुशीमाया र गोविन्द भने भाग्ने क्रममा चोट लाग्न पुगी घाइते भएका थिए ।



भूकम्पबाट भत्किएको घर । तस्वीरः रासस

घाइतेहरूको जिल्ला अस्पताल लमजुङमा उपचार भइरहेको छ । उनीहरूको टाउको, हातखुट्टालगायत शरीरमा चोट लागेको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक जगदीश मिश्रले बताए । घाइते उमा घरमैं सुतिरहेको अवस्थामा भूकम्प जाँदा घर भत्किएर शरीरको आधा भाग नै पुरिएको थियो । स्थानीय बासिन्दाले उद्धार गरेर एम्बुलेन्सबाट जिल्ला अस्पताल पुऱ्याएको तर प्रहरीलाई बेलैमा खबर गर्दासमेत नआएको स्थानीयवासीको गुनासो छ ।

उमासहित उनकी छोरी श्रुति गुरुङ पनि सोही स्थानमा सुतेको भए पनि मर्निङवाक जान भनेर हिंडेको एक मिनेटमैं भूकम्प गएको थियो । श्रुतिले भनिन्–"घरमा ममी र म मात्र थियौं, बाबा कामको सिलसिलामा मनाङमा हुनुहुन्छ, अब घर भत्कियो कता कसरी बस्ने भइहेको छ ।"

प्रहरी निरीक्षक मिश्रका अनुसार भूकम्पले घाइते उनीहरूको घरसहित बेंसीशहर–१ का शम्शेर परियार, वडा नं ३ रानीकुवाका दीपक बराल, नवीन बराल, गोरे क्षत्री, वडा नं ६ मकैडाँडाका लक्ष्मी अधिकारी, तुलबहादुर अधिकारी, टेकबहादुर अधिकारी, मर्स्याङ्दी–३ तरापुका वासुदेव खत्रीको घरमा क्षति पुगेको छ । त्यस्तै मध्यनेपाल नगरपालिका–७ का तीर्थराज घिमिरे, बेंसीशहर–६ कै धीरबहादुर रिमाल, बुद्धिबहादुर रिमालको घरमा क्षति पुगेको छ । यी अधिकांश घरहरू ढुङ्गामाटा र जस्तापाताको छानोबाट बनेको प्रहरीले जनाएको छ । अन्य विस्तृत जानकारी प्राप्त हुन बाँकी रहेको प्रहरीको भनाइ छ । लमजुङसहित छिमेकी जिल्ला मनाङ, कास्की, गोरखालगायत जिल्लामा भूकम्पको धक्का पुगेको बताइएको छ । जिल्लामा अझै पटकपटक भूकम्पको परकम्पन जाने क्रम जारी छ । यसरी पटकपटक भूकम्पको धक्का गइरहेकोले यहाँका बासिन्दा घरबाहिर सडक र खुला ठाउँमा बसेका छन् । त्यस्तै कोरोना सङ्क्रमणका बेला मानिसको मास्कविना भीडभाड देखिन्छ । यसले गर्दा सङ्क्रमणको जोखिमसमेत बढेको छ ।

## कोरोना सङ्क्रमणबीच गर्भवतीको उपचारमा चुनौती

काठमाडौं, ५ जेठ/रासस

सबैतिर कोरोना सङ्क्रमणको त्रास छ, गर्भवती र उनीहरूका परिवारलाई भने कसरी सुरक्षित सुत्केरी गराउने र सङ्क्रमण हुनबाट जोगाउने भन्ने थप चिन्ता छ ।

दैलेख जिल्ला अस्पतालमा सुत्केरी गराउन आवश्यक उपकरण र भौतिक संरचना पर्याप्त भएपनि दक्ष जनशक्ति नहुँदा जटिल खालको समस्या आए के गर्ने भन्ने विषयमा अस्पताल प्रशासन नै स्पष्ट छैन । तीन महीनादेखि रोकिएको प्रसूति शल्यक्रिया आजदेखि शुरू भएपनि उपचार पर्याप्त नभएको स्थानीयवासीको भनाइ छ । अस्पतालका सूचना अधिकृत थीरप्रसाद रेग्मीले चिकित्सक डा निराजन पन्त सरुवा भएर गएदेखि जटिल खालका



प्रसूति शल्यक्रिया गर्नुपरे सुर्खेतस्थित अस्पतालमा लैजान सल्लाह दिने गरेको बताए । अहिलेसम्म करीब ५०/६० जना यस्ता गर्भवतीलाई सुर्खेत रिफर गरिएको जनाइएको छ । उनले भने, "छ महीनादेखि नियमित गर्भवती महिलाको जाँचबाहेक जटिल खालका समस्या आए रिफर गर्नुबाहेक अर्को विकल्प छैन । अहिले त कोरोनाका कारण नर्सहरूले सामान्य र अन्य बिरामी पनि रिफर गर्ने स्थिति छ ।" यसले गर्दा कतिपयको सुर्खेत लैजाने क्रममा बाटोमैं बच्चा हुने गरेको घटना पनि छन् ।

जिल्ला अस्पतालमा अर्को चिकित्सक नआएसम्म गर्भवतीका सामान्य उपचार र परामर्शबाहेक अन्य सेवा हुन सकेको छैन । सो अस्पतालमा चिकित्सक नभएका भने होइनन् तर प्रसूतिका सम्बन्धित विशेषज्ञ छैनन् ।

स्त्रीरोगसम्बन्धी चिकित्सक अत्यावश्यक रहेको भनेर सम्बन्धित निकायमा मागपत्र पेश गरे पनि दरबन्दी व्यवस्थापन हुन सकेको छैन ।

# झगडा मिलाउन गएको प्रहरीमाथि गाउँलेको आक्रमण

राधेश्याम पटेल, वीरगंज, ५ जेठ/

सवारी दुर्घटनाको विषयलाई लिएर वीरगंज–२२ जगरनाथपुरमा भएको झडप साम्य पार्न गएको प्रहरीमाथि गाउँलेले आक्रमण गरेका छन् । पर्सा प्रहरीको टोलीमाथि जगरनाथपुरका अमर यादव पक्षका बासिन्दाले ढुङ्गामुढा गरी आक्रमण गरेका थिए ।

गाउँलेको आक्रमणबाट प्रहरी चौकी परवानीपुरको जीपको अगाडि र पछाडिको सीसा फुटेको छ भने प्रहरी चौकी, प्रहरी जवान जैसी यादव घाइते भएका छन् । उनको नारायणी अस्पतालमा उपचार भइरहेको छ। स्थिति नियन्त्रणमा लिन प्रहरीले एक राउन्ड हवाई फायरसमेत गरेको थियो भने घटनामा संलग्न सुरेन्द्र साह, राजन यादव, राजेन्द्र यादवलाई प्रहरीले पक्राउ गरेको छ ।

बिहान ९ बजे जगरनाथपुरका मोहम्म्द उमर मियाँ र उस्मान मियाँ चढेको मोटरसाइकल चोकमा पुग्दा गाउँकै भट्टराई यादवको मोटरसाइकलसँग ठोकिएको थियो । उस्मानले यादवलाई आफ्नो मोटरसाइकलको फुटेको भाइजर बनाउन अनुरोध गरेका थिए। तर यादव पक्षधर अमर यादवलगायतले फलामको रडले उस्मानको टाउकोमा प्रहार गरेपछि उस्मान र यादवको परिवारबीच झडप शुरू भएको थियो ।

उस्मानको टाउकोमा १० वटा टाँका लागेको छ। उनको नारायणी अस्पतालमा उपचार भइरहेको छ। प्रहरीलाई खबर भएपछि वडा प्रहरी श्रीपुरको टाइगर गश्ती टोली पुगेर अमर यादवलाई नियन्त्रणमा लिएपछि उनको परिवारका करीब २५ जनाले सुरक्षाकर्मीलाई धक्कामुक्का गरी अमरलाई भगाएका थिए । त्यसपछि पर्सा प्रहरीको श्रीपुर, परवानीपुर र गण्डकबाट थप प्रहरी परिचालन भएपछि प्रहरीमाथि नै आक्रमण गरी ढुङ्गामुढा गरेको पर्सा प्रहरीले जनाएको छ ।

पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले कुटपिट र प्रहरीमाथि आक्रमण गरी दुईवटा मुद्दामा पक्राउ परेका तीनजनामाथि अनुसन्धान भइरहेको र मुख्य नाइके भनिएका अमर यादवलाई प्रहरीले खोजिरहेको उनले बताए ।

# किसानलाई सहुलियतमा धानको बीउ

प्रस, ठोरी, ५ जेठ/

ठोरी गाउँपालिकाले कृषकहरूलाई ५० प्रतिशत अनुदानमा धानको बीउ उपलब्ध गराएको छ ।

कोरोना सङ्क्रमणका कारण जारी निषेधाज्ञामा कृषकहरूलाई धानको बीउ खरीद गर्न समस्या भइरहेकोले अनुदानमा बीउ वितरण गरिएको गापा अध्यक्ष पिएल श्रेष्ठले बताए ।

गापाले युएस ३१२ र लोकनाथ प्रजातिको धानको बीउ वितरण गरिरहेको अध्यक्ष श्रेष्ठले जानकारी गराए । उनले पहिलो चरणमा गापाले किसानहरूलाई पाँच क्वीन्टल धानको बीउ वितरण गर्ने बताए ।

बजार मूल्यमा आधा गापाले अनुदान दिएर किसानलाई राहत दिने काम गरेको उनले बताए । अध्यक्ष श्रेष्ठले बजारमा प्रतिकेजी रु ६ सय पर्ने युएस ३१२ प्रजातिको बीउ गापाले रु ३ सय प्रतिकेजीका दरले किसानलाई उपलब्ध गराएको बताए। उनले उत्पादन राम्रो हुने र हाइब्रीड प्रजातिको बीउ भएकोले सिंचाइ सुविधा भएका धान खेती गर्ने किसानका लागि अनुदानमा उपलब्ध गराइएको हो ।

# बारामा धमाधम काठ पक्राउ

प्रस, निजगढ, ५ जेठ/

बाराका विभिन्न स्थानबाट धमाधम अवैध काठ, गोलिया बरामद भइरहेका छन् ।

जीतपुरसिमरा उपमहानगरपालिका–१६ पिलुवाको उत्तरतर्फ र आदर्शचोक



प्रहरीले बरामद गरेको सालको गोलिया। तस्वीरः जीतलाल श्रेष्ठ

आसपासका खेतबारीमा लुकाइराखेको अवस्थामा मङ्गलवार दुई थान सालको गोलिया नियन्त्रणमा लिइएको थियो । डिभिजन वन कार्यालय सिमरा, डुमरवाना सबडिभिजन वन कार्यालय, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा नियन्त्रणमा लिइएको गोलिया ३६ क्यूफिट रहेको डिवका बाराले जनाएको छ ।

त्यसैगरी तीन दिनअघि जीतपुरसिमरा उपमहानगरपालिकाको ना.१ग ७६२ नम्बरको सरकारी टिपरमा लोड गरी पिलुवातर्फको राजमार्गमा ल्याउँदै गर्दा विशेष सुराकीको आधारमा सशस्त्र प्रहरीले १३ थान सालको चिरान काठ नियन्त्रणमा लिई डिभिजन वन कार्यालय बारालाई बुझाएको थियो ।

एकजना चालकसहित पक्राउ परेको सो घटनामा अनुसन्धान अधिकृत तोकी थप अनुसन्धान कार्य अघि बढाइएको डिवका प्रमुख एवं डिएफओ मन्जुर अहमदले बताए ।


त्यसैगरी गएराति करीब १ बजे मधुवन वन क्षेत्रबाट १ थान सालको गोलिया १.३ क्यूफिट, १ थान साइकलसहित काठ चोरी तस्करीमा संलग्न पुरन चौधरीलाई सशस्त्र वन रक्षकको टोलीले नियन्त्रणमा लिएको जनाएको छ ।

# पुरुषको शव फेला

प्रस, निजगढ, ५ जेठ/

निजगढमा एक पुरुषको शव फेला परेको छ। चितवन, राप्ती नगरपालिका–१० का ३० वर्षीय मिलक विकको शव रहेको इलाका प्रहरी कार्यालय निजगढले जनाएको छ । निजगढ नपा–६ स्थित खेतबारीमा मङ्गलवार साँझ स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। उनी केही दिनअघि चितवन घरबाट हेटौंडा जान भनेर निस्किएको आफन्तले प्रहरीलाई जानकारी दिएको जनाइएको छ ।

विक केही वर्षदेखि हेटौंडामा मजदूरी गर्दै आएका थिए । घटनाबारे बारा प्रहरीले अनुसन्धान थालेको जनाएको छ । घटनास्थलमा एक थान मोबाइलसमेत फेला परेको इप्रका निजगढले जनाएको छ ।



# राउत परिवारलाई किरिया खर्च

प्रस, ठोरी, ५ जेठ/

हात्तीको आक्रमणमा परी ज्यान गुमाएका ठोरी गाउँपालिका–२ रु १५ हजार, उनका कान्छा भाइ भक्तबहादुर राउतलाई हस्तान्तरण गरेका हुन्। वन्यजन्तुको आक्रमणमा परी ज्यान




इच्छानगरका यम (गोविन्द) बहादुर राउतको किरिया खर्चका लागि निर्मल ठोरी मध्यवर्ती उपभोक्ता समितिले सहयोग गरेको छ ।

निर्मल ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले मृतक राउतको किरिया खर्चबापत नगद गुमाउने व्यक्तिको परिवारलाई समितिले किरिया खर्चस्वरूप आर्थिक सहयोग गर्दै आएको अध्यक्ष बस्नेतले जानकारी गराए। स्व. राउतको गत बुधवार चितवन राष्ट्रिय निकुञ्जभित्र ओडारखोला नजीक हात्तीको आक्रमणमा परी निधन भएको थियो ।

# वीरगंजमा थप ७ जनाको मृत्यु

## वीरगंज हेल्थकेयरमा मात्रै तीनजनाको मृत्यु

प्रस, परवानीपुर, ५ जेठ/

वीरगंजमा थप ७ जना सङ्क्रमितको मृत्यु भएको छ । वीरगंज हेल्थकेयर, बहुअरीमा ३ जना, नारायणी अस्पतालमा २ जना, तराई र स्पर्श हस्पिटलमा १/१ जना गरी कुल ७ जना कोरोना सङ्क्रमितको मृत्यु भएको हो । मृत्यु हुनेमा पर्साका ५ र रौतहटका २ जना रहेका छन्, जसमा २ जना महिला र ५ जना पुरुष छन् । कोभिड निमोनियाको कारण श्वासप्रश्वासमा समस्या आएर मृत्यु हुनेहरूको उमेर ४१ देखि ९० वर्षसम्मको रहेको अस्पतालहरूले जनाएका छन्। रौतहट, चन्द्रपुर नपा–९ का ९० वर्षीय वृद्धको गएराति ९ बजेर १० मिनेटमा नारायणी अस्पतालमा मृत्यु भएको थियो भने रौतहटकै गौर नपा–८ की ५१ वर्षीया महिलाको बुधवार बिहान १० बजेर १० मिनेटमा मृत्यु भएको नारायणी अस्पतालले जनाएको छ। चन्द्रपुरका सङ्क्रमितलाई ४ गते भर्ना गरी सोही दिन एन्टिजेन विधिबाट कोरोना पुष्टि भएको थियो भने गौरकी महिलालाई गौर अस्पतालमा ३० गते एन्टिजेन परीक्षणबाट कोरोना सङ्क्रमण पुष्टि भएपछि वैशाख ३० गते नै थप उपचारको लागि नारायणी अस्पताल ल्याइएको थियो ।

त्यसैगरी, तराई अस्पतालमा पर्सा, जीराभवानी गापा–१ की ४२ वर्षीया महिलाको बुधवार बिहान १ बजेर १० मिनेटमा मृत्यु भएको थियो । निजलाई जेठ २ गते अस्पताल भर्ना गरी एन्टिजेन परीक्षणबाट कोरोना सङ्क्रमण पुष्टि भएको थियो । त्यसैगरी, स्पर्श मल्टिस्पेशलिटी हस्पिटल, गण्डक, बहुअरीमा वीरगंज–१० का ६५ वर्षीय वृद्धको गएराति १२ बजे मृत्यु भएको थियो। निजलाई वैशाख २५ गते पिसिआर परीक्षणबाट सङ्क्रमित देखिएपछि सोही दिन अस्पताल भर्ना गरिएको थियो ।

वीरगंज हेल्थकेयर, गण्डक, बहुअरीमा हिजो साँझ तीनजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा वीरगंज–३ का ४१ वर्षीय, वीरगंज–१३ का ६१ वर्षीय र वीरगंज–१४ का ४८ वर्षीय गरी तीनजना पुरुष रहेका छन् । ४१ वर्षीय पुरुषको हिजो साँझ ६ बजे, ६१ वर्षीयको हिजै साँझ साढे ७ बजे, ४८ वर्षीय पुरुषको हिजो राति १० बजेर २० मिनेटमा मृत्यु भएको थियो ।

४१ वर्षे पुरुषलाई २४ गते भर्ना गरी २७ गते पिसिआरबाट कोरोना सङ्क्रमण पुष्टि भएको थियो भने ६१ वर्षीय पुरुषलाई ३ गते भर्ना गरी एन्टिजेन परीक्षणमा सोही दिन कोरोना सङ्क्रमण पुष्टि भएको थियो भने ४८ वर्षीय पुरुषलाई २७ गते अस्पताल भर्ना गरी सोही दिन एन्टिजेन परीक्षणबाट कोरोना सङ्क्रमण पुष्टि भएको थियो ।

# श्रद्धाञ्जलिसभा सम्पन्न

प्रस, सिम्रौनगढ, ५ जेठ/

जनता समाजवादी पार्टीका नेता जीतेन्द्र सिंहको निधनमा सिम्रौनगढमा श्रद्धाञ्जलिसभा सम्पन्न भएको छ ।

समाजसेवी ओमप्रकाश ठाकुरको अध्यक्षतामा भएको सभामा चन्द्रभूषण कुशवाहा, मोहन गुप्ता, महेन्द्र कुशवाहा, रामाकान्त चौधरी, जगदीशसाह कलवार, किशोरी यादव, सञ्जय यादव, रामाकान्त साह, चन्देश्वर जैसवालगायतले स्व सिंहको तस्वीरमा माल्यार्पण गर्दै श्रद्धाञ्जलि व्यक्त गरेका थिए ।

स्व सिंहको मङ्गलवार कोरोना सङ्क्रमणबाट काठमाडौंमा निधन भएको थियो ।

# घरेलु मदिराभट्टी नष्ट

प्रस, पोखरिया, ५ जेठ/

इलाका प्रहरी कार्यालय पोखरियाको टोलीले विन्दवासिनी गाउँपालिका–३ इटियाही टोलमा दुईवटा अवैध घरेलु



मदिराभट्टी नष्ट गरेको छ ।

इप्रका पोखरियाका प्रहरी निरीक्षक दीपक सिंहले स्थानीय जग राम र सन्देश रामको घरमा अवैध घरेलु मदिरा उत्पादन हुने गरेको सूचनाको आधारमा बुधवार दिउँसो छापामारी गरिएको बताए। उनले रामद्वयले भूमिगत तरीकाले घरेलु मदिराको उत्पादन गरेको पाइएको र प्रहरीको टोलीले सो भट्टी नष्ट गरेको बताए ।

प्रनि सिंहले १५ सय लिटर कच्चा मदिरा र २० लिटर तयारी मदिरा पनि नष्ट गरिएको बताए । घटनास्थलबाट मदिरा बनाउने मेशिन, भाँडाकुँडा बरामद भएको उनले जानकारी गराए ।

# पोखरिया अस्पतालको ओपिडी सेवा बन्द

प्रस, पोखरिया, ५ जेठ/

पोखरिया अस्पतालले ओपिडी सेवा बन्द गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या माथिल्लो तल्लामा कोभिड सङ्क्रमित भर्ना गरिएको र त्यसको तल ओपिडी सेवा भएकोले मानिसको




मन्त्रालयले वैशाख १४ गते पत्रचार गर्दै कोभिड सञ्चालन भएका अस्पतालमा ओपिडी सेवा बन्द गर्न निर्देशन दिए पनि पोखरियामा सो सेवा सञ्चालन भइरहेको थियो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सञ्जय ठाकुरले मन्त्रालयको निर्देशन र कोभिडको जोखिमका कारण सेवा बन्द गरेको बताए । उनले अस्पतालको भीडभाड हुने र सङ्क्रमण फैलन सक्ने सम्भावनालाई मध्यनजर गर्दै सेवा बन्द गरिएको बताए।

पोखरिया अस्पतालमा अहिले आकस्मिक सेवा, प्रसूति सेवा र कोभिड सङ्क्रमितको उपचार सेवामात्र प्रवाह हुँदैछ । अवस्था समान्य भएपछि पूर्ववत् सबै सेवा सञ्चालनमा आउने मेसु डा. गुप्ताले बताए ।

# वडामा मास्क, साबुन वितरण

प्रस, पोखरिया, ५ जेठ/

पोखरिया नगरपालिका–९ सेमरबारीमा गोलु आलमले सर्जिकल




मास्क र साबुन वितरण गरेका छन् ।

कोरोना कहरमा स्वास्थ्य मापदण्ड पालना गनए घर–घरमा मास्क र साबुन वितरण गरेर वडावासीलाई सचेत पारेको उनले बताए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक दीपक सिंह, फिरोज आलम, ऐनुलाह आलम, ओमप्रकाश पण्डितलगायतको सहभागिता थियो ।

आलमले हिजो इलाका प्रहरी कार्यालय पोखरियालाई सर्जिकल मास्क र सेनिटाइजर सहयोग गरेका थिए।